# सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

☎ +९७७-७१-४४०५५३

E-mail: sainamainamunicipality@gmail.com


प.सं. :

च. नं.:

### करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०६।०८**

सैनामैना नगरपालिकाको नगर सभाबाट स्वीकृत दरबन्दी अनुसार रिक्त दरबन्दी मध्ये ईन्जिनियर तथा नगर प्रहरी पदको लागि सैनामैना नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ तथा सैनामैना नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम करार सेवामा खुला प्रतियोगिताद्वारा तपसिलका कर्मचारीहरु नियुक्त गर्नु परेको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिनभित्र नगरपालिकाले तोकेको ढाँचामा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१. पदको विवरण :**

| क्र. सं. | विज्ञापन नं. | पद | आवश्यक संख्या | सेवा/समूह/उप समूह | सेवाको प्रकार | छनौट प्रक्रिया | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७५।०७६ | ईन्जिनियर(विल्डिङ्ग एण्ड आर्किटेक्चरल) | १ जना | ईन्जिनियङ्ग/सिभिल विल्डीङ्ग एण्ड आर्किटेक्ट | करार सेवा | लिखित तथा अन्तर्वार्ता | रु १००० | |
| २ | ०२/२०७५।०७६ | नगर प्रहरी सहायक निरीक्षक | १ जना | - | करार सेवा | शारीरिक तन्दुरुस्ती परीक्षण तथा लिखित परीक्षा | रु ५०० | |
| ३ | ०३/२०७५।०७६ | नगर प्रहरी जवान | २ जना( महिला-१,पुरुष-१) | - | करार सेवा | शारीरिक तन्दुरुस्ती परीक्षण तथा लिखित परीक्षा | रु ३०० | |

**२. आवश्यक योग्यता :**

(क) ईन्जिनियर पदको लागि

– मान्यता प्राप्त शिक्षण संस्थाबाट विल्डिङ्ग एण्ड आर्किटेक्ट ईन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

–नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको,

– उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

(ख) नगर प्रहरी सहायक निरीक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण भएको, र नगर प्रहरी जवानको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ (आठ) कक्षा उत्तीर्ण भएको

...णिराज पौडेल
...अधिकृत

# सैनामैना नगरपालिका
☎ +९७७-७१-४४०५५३
## नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल
E-mail: sainamainamunicipality@gmail.com


प.सं. :
च. नं.:

– महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ,

– छाती नफुलाउदा घटीमा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको,

–आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

– नगर प्रहरी जवानको हकमा २०७५ बैशाख १ गते १८ वर्ष पुगी २३ वर्ष ननाघेको तथा नगर प्रहरी सहायक निरीक्षकको हकमा २०७५ बैशाख १ गते १८ वर्ष पुगी २४ वर्ष ननाघेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) राजनैतिक दलको सदस्य नरहेको,

(ङ) भविश्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी जागिरबाट बर्खास्त नभएको र

(च) कुनै कानूनले अयोग्य नरहेको ।

**३. आवश्यक कागजातहरु :**

शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य अनुभवका कागजातहरु

**४. दरखास्त दिने अन्तिम मिति : २०७५।०६।२३ गते सम्म**

**५. सेवा सुविधा** : ईन्जिनियर पदको लागि नेपाल सरकारले तोकेको इन्जिनियर पदको शुरु तलब स्केल बराबर तथा नगर प्रहरीको हकमा नेपाल सरकारले तोकेको प्रहरी सहायक निरीक्षक र प्रहरी जवानको शुरु तलब स्केल बराबर हुनेछ ।

६. स्थानीय र म्यादी प्रहरी भई काम गरेकोलाई विशेष ग्राह्यता दिइनेछ ।

२०७५-०६-०८
मणिराज पौडेल
शाखा अधिकृत